# चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घरखेडा, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरण परिक्षण (IEE), सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०८२, सुदुरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, आदि) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरुले यस दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु खरिद गरि रित पुर्वक भरि यस कार्यालयमा सिलबन्दी दरभाउ (Hard Copy) यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिन भित्र पेश गर्न हुन दरभाउपत्र आहवान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ । दरभाउपत्र सम्बन्धी कागजात यस पालिकाको वेबसाइटबाट download गर्न सकिनेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं | अन्तरिक आय ठेक्काको नाम | न्युनतम कबोल अंक रु (भ्याट बाहेक | धरौटी रकम रु. | दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|
| CRM/SQ/IR/2083/084/04 | बाटेगडा खोलाको प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुगा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदि) को बिक्रि शुल्क संकलन | ११,२९,९५२.२३/- | कबोल अंक ( मु.अ.कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | १००० /- |

१. <u>ठेक्काका शर्तहरु</u>

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर वाफत लक्ष्मी सनराइज बैंक सहजपुर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं **०८२०५२९९६३७०३००६** मा नगद जम्मा गरेको सक्कल भौचर वा राजश्व शाखामा दस्तुर बुझाएको नगदी रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजे भित्र पेश गरी सक्नुपर्नेछ । दरभाउपत्र सम्बन्धी कागजात यस कार्यालयको राजश्व शाखा वा वेभसाइट churemun.gov.np बाट download गर्न सकिनेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

ख) दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कबोल अंक ( मु.अ.कर सहित) को ५% धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंक, सहजपुर शाखा कार्यालयमा रहेको धरौटी खाता नं **०८२०५२९९६३७०३००३** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं र नाम उल्लेख गरी दरभाउपत्र खोल्ने दिनदेखि कम्तिमा ७५ (पचहत्तर) दिनको म्याद सहित जारी गरिएको जमानत (बिड बन्ड) पेश गर्नुपर्नेछ ।

ग) खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रस्तावदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण, प्रापराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं, इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नुपर्नेछ ।

घ) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट पेश गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका सिलबन्दी दरभाउहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै प्रस्तावदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा सोही समयमा गरिनेछ ।

ङ) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

च) दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बाफत २० (बिस) प्रतिशत र ठेक्का कबोलको १३% मु.अ.कर समेतको हुनआउने रकम अनिवार्य बुझाउनुपर्ने छ । दोस्रो तथा तेस्रो किस्ताबाफत ८० (असी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै दरभाउपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क बाफत हुन् आउने जम्मा रकमको नियमानुसार थप १३% (तेह्र) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर प्रस्तावदाताले छुट्टै बुझाउनुपर्नेछ ।

छ) कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

ज) ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८४ सालको जेष्ठ मसान्तसम्म हुनेछ ।

झ) ठेकदारले नेपाल सरकार तथा चुरे गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । साथै कार्यालय र ठेकदारबीच कुनै विवाद उत्पन्न भएमा यस गाउँपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

ञ) ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको २०% ले हुन आउने रकम तथा कबोल अंकको सम्पूर्ण मू.अ.कर समेत |
| दोस्रो | २०८३ साल फाल्गुन मसान्त भित्र | कबोल अंकको ४०% ले हुनआउने रकम |
| तेस्रो | २०८४ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको ४०% ले हुनआउने रकम |

ट) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असुल उपर गरिनेछ ।

ठ) गाउँपालिकाबाट गरिएको IEE प्रतिवेदनमा उत्खनन स्थल (Extraction Site) भनी नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाइने छैन । यसरी IEE प्रतिवेदनमा नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाईएमा गाउँपालिकाद्वारा

तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

ड) यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

ढ) IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार चुरे गाउँपालिकामा सुरक्षित रहनेछ ।

ण) यस सुचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

त) बोलपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

२. प्रस्तावदाताको योग्यता

चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको अन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिमका योग्यता हुनुपर्नेछ ।

क) प्रस्तावदाता नेपालको प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म/इजाजत पत्र हुनु पर्नेछ ।

ख) चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल बक्यौता नभएको हुनुपर्नेछ ।

ग) कालो सूचीमा नपरेको हुनुपर्नेछ ।

घ) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको, मु.अ.करमा दर्ता भएको, कर चुक्ता गरेको हुनुपर्नेछ ।

३. दरभाउपत्र पेश गर्ने तरिका

चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको अन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय बमोजिम बोलपत्र पेश गर्नुपर्नेछ ।

क) यस ठेक्का सम्बन्धी सूचनामा तोकिए बमोजिमको दरभाउपत्र दस्तुर बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र पुस्तिका राम्रो संग अध्ययन गरी सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य प्रस्तावदाता स्वयमले गर्नुपर्नेछ ।

ख) यस ठेक्का सम्बन्धी सूचनामा उल्लेखित भए बमोजिमको धरौटी रकम नगद वा सो बराबरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि दरभाउपत्र साथ संलग्न राखी दरभाउपत्र पुस्तिका भरि अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काको नाम र ठेक्का नं सहित उल्लेख गरि सिलबन्दि दरभाउपत्र निर्धारित म्याद भित्र चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्बोधन गरि पेश गर्नुपर्नेछ ।

ग) यसका साथै दरभाउपत्र खरिद तथा दर्ता सम्बन्धी कार्य Hardcopy बाट मात्र गर्न सकिनेछ ।

४. <u>दरभाउपत्र खोल्ने प्रक्रिया</u>

नियमानुसार रीतपुर्वक पेश भएका दरभाउपत्रहरु देहाय बमोजिम प्रक्रियामा खोलिनेछ ।

क) दरभाउपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम हुनेछ ।

ख) दर्ता भएका दरभाउपत्रहरु सूचनामा उल्लेख भए बमोजिम प्रस्तावदाता वा निजको प्रतिनिधिको रहोवरमा यस चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. <u>दरभाउपत्रको मुल्यांकन</u>

दरभाउपत्र खोलि सके पछि रीतपुर्वक प्राप्त दरभाउपत्रहरुको मुल्यांकन देहाय बमोजिम हुनेछ ।

क) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूतरुपमा प्रभावग्राही तथा न्युनतम ठेक्का अंकभन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको तुलनात्मक तालिका बनाई दरभाउपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ ।

ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूतरुपमा प्रभावग्राही तथा न्युनतम ठेक्का अंकभन्दा सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको दरभाउपत्र स्वीकृत गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।

***ग) सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०८३ पारित भएमा र उक्त ऐनमा नदीजन्य पदार्थ बिक्रि शुल्क सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०८२ मा उल्लिखत दररेट भन्दा बढी भएमा प्रस्तावदाताहरुले पेश गरेको कबोल रकममा समेत निम्न प्रावधान अनुसार परिवर्तन गरिने छ र सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको दरभाउपत्र स्वीकृत गर्ने प्रक्रिया अगाडी बढाइनेछ ।***

***प्रस्तावदाताको परिमार्जित कबोल अंक भ्याट सहित =***

$$\frac{\text{प्रस्तावदाताले यस दरभाउपत्रमा कबोल गरेको अंक भ्याट सहित } X \text{ सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०८३ मा उल्लिखत दररेट प्रयोग गरि कार्यालयबाट जारी हुने न्युनतम कबोल अंक भ्याट सहित}}{\text{सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, २०८२ मा उल्लिखत दररेट प्रयोग गरि कार्यालयबाट जारी न्युनतम कबोल अंक भ्याट सहित}}$$

६. <u>दरभाउपत्रको स्वीकृति</u>

दरभाउपत्रको स्वीकृति देहाय बमोजिम गरिनेछ ।

***क) पेश भएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार चुरे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।***

ख) दरभाउपत्र मुल्यांकन समितिबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुतरुपमा प्रभावग्राही तथा न्युनतम ठेक्का अंकभन्दा सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाताको दरभाउपत्र स्वीकृत गरिनेछ ।

ग) ठेक्का स्वीकृत भएको ७ (सात) दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्बन्धित प्रस्तावदातालाई चुरे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट सुचित गरिनेछ ।

## ७. ठेक्का जमानत वा धरौटी जफत

चुरे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट ठेक्का स्वीकृत भएको सूचना प्राप्त भएपछि प्रस्तावदाताले दरभाउपत्र सूचनामा उल्लेख भए बमोजिमको आवश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न प्रस्तावदाता उपस्थित नभएमा निजको बैंक जमानत जफत गर्नुका साथै कालो सुचीमा राख्न सिफारिस गरि त्यसपछिको दोस्रो बढी कबोल गर्ने प्रस्तावदाताको दरभाउपत्र स्वीकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउनेछ ।

## ८. सम्झौता र कार्यादेश

सम्झौता र कार्यादेश देहाय बमोजिम हुनेछ ।

क) सम्झौता भए पश्चात ठेक्का संचालन गर्न पाउने दर रेटको विवरण उल्लेख गरि ठेक्का संचालनका लागि ठेकेदारलाई कार्यालयले कार्यादेश दिनेछ ।

ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही ठेक्का संचालन गर्नु गराउनु पर्नेछ ।

ग) कार्यालय र ठेकेदारबिच भएको सम्झौता बमोजिम ठेक्का संचालन नभए/ नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सकेनछ ।

## ९. ठेकेदारले पालना गर्नुपर्ने नियमहरु र आचरण

क) ठेकदारले सम्झौता पत्रमा पट्टा पुर्जीमा तोकियाका बस्तुहरुमा मात्र तोकीय बमोजिमको दरमा बिक्रि सुल्क संकलन गर्नुपर्नेछ । सो भन्दा फरक हुने गरि सुल्क संकलन गरेमा नियमानुसार कारबाही हुनेछ ।

ख) यस गाउँकार्यपालिका को कार्यालय तोकेको सुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोज गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गर्दा प्रमाणित नभयको रसिद फेला परेमा नियमानुसार कारबाही गरिनेछ ।

ग) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट/तगारो राखी नदिजन्य पदार्थको बिक्रि सुल्क संकलन गर्न पाइने छैन ।

घ) चुरे गाउँपालिकाको कार्यालय संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE भयको स्थानबाट ढुंगा, गिट्टी,बालुवा, ग्राबेल,आदि संकलन /उत्खनन गर्नु पर्ने छ र सो बाहेकको अन्य क्षेत्रमा उत्खनन गरेको पाईए सुरक्षा निकायको सहयोग लिई आवश्यक कारबाही गरिनेछ ।

ङ) ढुंगा, बालुवा, ग्राबेल,गिट्टी झिक्नुपर्ने उत्खनन तथा घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आयमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ

। ढुंगा,बालुवा,ग्राबेल,गिट्टी कुनै व्यक्ति वा निकायको निजि जग्गा वा बन क्षेत्र भित्र राख्नु पर्ने भयमा सम्बन्धित व्यक्ति/संस्था/कम्पनिको स्वीकृति लिने कार्य स्वयम ठेकेदारले गर्नु पर्नेछ ।

च) नदि, खोलाको घाट/आकृति/धार/स्वरूप बिग्रने गरि नदि किनारमा प्राकृतिक तवरले रहेको ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा,बालुवा, ग्राबेल,गिट्टी,भरान झिक्न मेशिनको प्रयोग गर्नु पर्ने भयमा स्विकृत IEE ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिनु पर्नेछ । गाउँपालिकाको अनुमति नलिइ ठुला मेशिन प्रयोग गरि नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

छ) भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुंगा,बालुवा,ग्राबेल,गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

ज) ठेकेदारले नदि/घाट क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ । साथै ठेकेदारले बस्ति क्षेत्रमा ध्वनि प्रदुषण नहुनेगरि ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

झ) ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क,हेल्मेट,ग्लोब्स आदिको ब्यबस्था मिलाउन ढुवानीका साधनहरु लाइ जानकारी गराउनु पर्नेछ ।

ञ) ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खनन हुने घाट गद्दी स्थल सम्बन्धिका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ ।

ट) बिहान सूर्योदय भन्दा आगाडी र साझ सूर्यास्त भन्दा पछी ढुवानीका साधनहरुले उत्खनन स्थलमा प्रबेस गर्न पाईने छैन । यसरि नियम बिपरित गयका ढुवानी साधनहरु लाइ कानुन बमोजिम कारबाही गरिनेछ ।

ठ) खोला र नदिको उत्खनन स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटि ठेकेदार आफैले बनाइ सबै सरोकारवाला हरुले देख्ने गरि आफ्नै खर्चमा राख्नु पर्नेछ ।

ड) ठेकेदारले कार्यालय,ब्यबसायी तथा सम्बन्धित सबै सरोकारवाला संग शिष्ट तथा सम्मानित ब्यबहार गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बीच भयको सम्झौता बमोजिम ठेक्का संचालन नभय/नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ ।

१०. <u>आकस्मिक अबरोध व्यवस्थापन</u>

कुनै कारणवस बिशेस अवस्था सिर्जना भइ काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का संचालनमा अवरोध भएमा ठेकेदारले सोहिदिन त्यसको सूचना कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाइ मार्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अबरोध व्यवस्थापन गर्नु पर्नेछ ।

११. <u>विवाद व्यवस्थापन</u>

कार्यालय र ठेकेदारबीच विवाद उत्पन्न भएमा गाउँकार्यपालिका बैठकको निर्णयबाट विवादको व्यवस्थापन गरिनेछ ।

१२. <u>कार्य सम्पन्न</u>

कार्यालयको सहयोगमा ठेक्का सम्झौता बमोजिम ठेक्का संचालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ । ठेक्का सम्झौता बमोजिम ठेक्का संचालन गरि कार्य सम्पन्न भएमा कार्यालयबाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदारलाइ प्रदान गरिनेछ ।

१३. शुल्क दर

यस ठेक्का बमोजिम शुल्क उठाउने कार्यको दर (भ्याट बाहेक) देहाय बमोजिम हुनेछ ।

| क्र.स. | नदिजन्य सामग्रीको किसिम | करको दर (भ्याट बाहेक ) | |
|---|---|---|---|
| | | प्रति घन फिट रु. | प्रति घन मिटर रु. |
| १ | ढुंगा,गिट्टी,बालुवा,ग्राभेल आदि | ६ (छ) | रु. २११/९२ (दुइ सय एघार रुपैया बयानब्ये पैसा) |

१४.नदि तथा खोलाहरुको नदिजन्य पदार्थ उत्खनन्/संकलन स्थलको जी.पी.एस.कोर्डिनेट

| क्र.स. | नदि/खोलाको नाम | बार्षिक परिमाण (घ.मि.) | GPS Location | कैफियत |
|---|---|---|---|---|
| १ | बाटेगडा खोला | ५,३३२ | पुर्व सिमाना (28°49'55.70"N, 80°45'36.05"E)<br>पश्चिम सिमाना (28°49'55.68"N, 80°45'34.26"E)<br>उत्तर सिमाना (28°49'59.70"N, 80°45'35.25"E)<br>दक्षिण सिमाना (28°49'51.64"N, 80°45'34.88"E) | अधिकतम १.३ मिटर गहिराई सम्म मात्र उत्खनन गर्न मिल्ने |

नोट: श्रोत- प्रारम्भिक वातावारणीय परिक्षण प्रतिबेदन (Initial Environmental Examination) अनुसार

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

चुरे गाउँकार्यपालिकाको कार्यालय,

घरखेडा,कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

## बिषय: दरभाउपत्र फारम पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८३/०६/०२ मा प्रकाशीत सूचना र दरभाउपत्र फारामको शर्त अनुसार काम गर्ने गरि आ.ब.२०८३/०८४ को तोकिएको अवधिका लागि तहाँ गाउँपालिकाले तोकेको परिमाण र तोकेको दरमा चुरे गाउँपालिका "**चुरे गाउँपालिका, बाटेगडा खोलाबाट प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा,ग्राभेल तथा भरान आदि) को बिक्रि शुल्क संकलन**" को प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा,ग्राभेल तथा भरान आदि) को बिक्रि शुल्क संकलन ठेक्काको लागि तपसिल बमोजिमको रकम कबोल गरेको छु ।

तपिसिल

| ठेक्का नम्बर | ठेक्काको विवरण | उत्खनन् गर्न मिल्ने परिमाण (घन मिटर) | न्युनतम कबोल अंक (भ्याट बाहेक) रु. | कबोल अंक (भ्याट बाहेक) रु. | |
|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. |
| CRM/SQ/IR/2083/084/04 | बाटेगडा खोलाको प्राकृतिक श्रोत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्रि शुल्क संकलन | ५,३३२ | ११,२९,९५२.२३ /- | | |

ठेक्काका शर्तहरु अध्ययन गरि उल्खित शर्तपालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरि बोलपत्र पेश गरेको छु ।

प्रस्तावदाताको विवरण

आधिकारिक व्यक्तिको नाम:-

फर्मको नाम:-

ठेगाना:-

सम्पर्क न:-

इमेल ठेगाना:-

मिति:-

दस्तखत:-

फर्मको छाप:-